नेपाली राजदूतावास
मस्कट, ओमान
**Embassy of Nepal**
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

## विद्युतीय सङ्ग्रहालय (e-Museum) स्थापना सम्बन्धी सूचना

यस राजदूतावासले मिति २०८२/०७/१३ को निर्णय अनुसार नेपाली राजदूतावास, मस्कटमा विद्युतीय सङ्ग्रहालय (e-Museum) स्थापना गर्ने निर्णय गरेको छ। नेपाल-ओमानबीचका महत्वपूर्ण घटनाक्रमहरू ‘जस्तै उच्चस्तरीय भ्रमणहरू, ऐतिहासिक दस्तावेजहरू, पुस्तकहरू, लेख, रचना तथा प्रकाशनहरु, अनुसन्धान सामग्री, तथ्याङ्क, तस्बिरहरू, भिडियोहरू, साथै पहिलो पटक भएका वा स्थापना भएका कुराहरू जस्तै सबैभन्दा पहिले ओमानको भ्रमण गर्ने वा रोजगारीका लागि ओमान आएका व्यक्तिहरूसम्बन्धी जानकारी’ आदि यस विद्युतीय सङ्ग्रहालयमा समावेश गरिनेछ।

यस माध्यमबाट नेपाल-ओमान सम्बन्धका विभिन्न आयामहरूको जानकारीलाई एकीकृत गर्न सकिनेछ, जसबाट महत्वपूर्ण दस्तावेज तथा घटनाक्रमहरूको अभिलेख तयार हुनेछ। सो अभिलेख सरकारी निकाय तथा अध्ययन तथा अनुसन्धानका लागि भावी पुस्ताहरूका लागि समेत उपयोगी स्रोत बन्नेछ र दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन सहयोग पुग्नेछ। नेपाल-ओमानबीचको बहुआयामिक सम्बन्ध सम्बन्धी जानकारी, दस्तावेज, तथ्य र सूचनाहरूलाई व्यवस्थित तथा वैज्ञानिक तरिकाले एकीकृत गरी भविष्यका लागि सुरक्षित रूपमा सङ्ग्रह गरिनेछ। सो सङ्ग्रहालयको प्रारम्भ टेलिभिजन र Kiosk Machine मार्फत गरिनेछ। साथै, सार्वजनिक गर्न मिल्ने महत्वपूर्ण कागजातहरू र तस्बिरहरू भौतिक रूपमा समेत प्रदर्शन गरिनेछ।

उक्त कार्यका लागि यस राजदूतावासका प्रथम सचिव श्री बिशेष कुमार साहको संयोजकत्वमा, श्री नाजिम ओस्मान (अफिस सेक्रेटरी), श्री रमेश प्रसाद अर्याल (चालक/मेसेन्जर), र लामो समयदेखि ओमानमा बसोबास गर्दै आउनु भएका नेपाली नागरिक श्री तोलाकान्त भट्टराई (नेपाली समुदायका प्रतिनिधि) सदस्य रहेको एक समिति गठन गरिएको छ।

अतः यहाँहरूलाई यस सम्बन्धमा जानकारी गराउँदै, माथि उल्लेख गरिएअनुसार विद्युतीय सङ्ग्रहालयमा राख्न उपयुक्त सामग्रीहरू उपलब्ध गराइदिनु हुन अथवा सो सम्बन्धी कुनै जानकारी उपलब्धभए राजदूतावासको निम्न इमेल वा फोन नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनु हुन राजदूतावास हार्दिक अनुरोध गर्दछ।

इमेल: **eonmuscat@mofa.gov.np**

फोन: **+968-71592490**

नेपाली राजदूतावास, मस्कट, ओमान
१७ कार्तिक २०८२ (०३ नोभेम्बर २०२५)

नेपाली राजदूतावास
मस्कट, ओमान
Embassy of Nepal
Muscat, Sultanate of Oman

سـفارة النيبال
مسقط - سلطنة عمان

**Notice on the Establishment of an Electronic Museum**

The Embassy of Nepal in Muscat has decided to establish an Electronic Museum (e-Museum) on 30 October 2025. The e-Museum will include important events/records between Nepal and Oman, such as high-level visits, historical documents, books, articles, compositions and publications, research materials, statistics, photographs, videos, as well as information about first-time events or establishments.

This initiative aims to integrate information related to various dimensions of Nepal–Oman relations, thereby creating a comprehensive archive of important documents and events. Such an archive will serve as a valuable source of reference for future generations for study and research purposes and will contribute to further strengthening the longstanding friendship between the two countries. Information, documents, facts, and data related to the multifaceted Nepal–Oman relationship will be systematically compiled and scientifically preserved. The e-Museum will initially be launched through Television and a Kiosk Machine, and important documents and photographs deemed suitable for public viewing will also be physically displayed.

For the implementation of this initiative, a committee has been formed under the coordination of Mr. Bishesh Kumar Sah, First Secretary of the Embassy, comprising Mr. Najim Osman (Office Secretary), Mr. Ramesh Prasad Aryal (Driver/Messenger), and long-term resident of Oman and representative of the Nepali community, Mr. Tolakant Bhattarai, as members.

Accordingly, all concerned are kindly requested to provide materials suitable for inclusion in the e-Museum as mentioned above. You may also share any relevant information with the Embassy through the contact details provided below.

**Email: eonmuscat@mofa.gov.np**
**Phone: +968-71592490**

**The Embassy of Nepal, Muscat**
**Sultanate of Oman**
**17 Kartik 2082 (03 November 2025)**

EMBASSY OF NEPAL
Muscat, Sultanate of Oman